**पुस्तक:** सङ्कटकालमा समाचार
**लेखक:** बद्री पौड्याल र रघु मैनाली
**प्रकाशक:** हिमाल एसोसिएसन
**पृष्ठ:** १५८ + ix
**प्रकाशन मिति:** सन् २००७




सङ्कटकाल सुरु भएको क्षणको वर्णन गर्दा *कान्तिपुर* दैनिकका सम्पादक नारायण वाग्ले तीन ओटा जङ्गी चरित्र सम्झन्छन्, "टेलिभिजन पर्दामा राजाको हठी, निरस र खरो मिजासको अनुहार, सेनाले घेरेको कान्तिपुरको कार्यालय तथा 'एम १६' भिरेको मेजरको सामुन्ने बसेको निरीह सम्पादक" (भूमिका, पृ. vii)।

'शाही घोषणा र अन्तर्राष्ट्रिय प्रतिक्रिया' शीर्षकको कनकमणि दीक्षितको आवरण विश्लेषण टाटेपाटे र विरूप हुन पुग्यो। त्यो विश्लेषणमा कतै पूरै वाक्य काटिएका त कतै अपूरा वाक्यहरू छाडिएका थिए। जस्तै: "... माघ १९ मा जारी वक्तव्यमा भनिएको छ, ..., बेलायती परराष्ट्र मन्त्री डग्लस् अलेक्जेन्डरले ..., अरू सबै चिन्ता गर्ने राष्ट्रझैं जापानी वक्तव्य भन्दछ, ..., माघ १९ मा भारतीय परराष्ट्र मन्त्रालयका प्रवक्ता नवतेज शर्माले ...।" एक पेजको यो सामग्रीमा ११ ठाउँमा सेन्सर भएको थियो। नकाटिएका कुनै अनुच्छेद थिएनन् (पृ. ८)।

यी भनाइ र भोगाइले २०६१ माघ १९ देखि सुरु भएको राजा ज्ञानेन्द्रको सक्रिय शासनमा नेपाली सञ्चारमाध्यमले व्यहोर्नु परेको कठिनाइ र चुनौतीलाई छर्लङ्ग

पार्दछ । टेलिफोन, मोबाइलफोन, फ्याक्स, इमेल, इन्टरनेट, केवल प्रसारण लगायतका सम्पूर्ण सञ्चारसेवाहरू अचानक बन्द गराई स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने यस किसिमको निरङ्कुश हस्तक्षेपको कहिल्यै अनुभव गरेको थिएन नेपाली प्रेसले । शाही घोषणा र सङ्कटकालको आदेशसँगै सञ्चारगृहमा हतियारधारी सेना 'अतिथि सम्पादक' बनेर समाचारको काँटछाँट र छनोट गर्न थालेपछि स्वतन्त्र प्रेसको अस्तित्व नै धरमराउन पुग्यो । राज्यको यस्तो स्वेच्छाचारी हर्कतका बीच नेपाली सञ्चारमाध्यमले प्रकाशन गरेका समाचार र समाचारमूलक सामग्रीका साथै स्वतन्त्र रेडियोमाथि राज्यको धावा र त्यसविरुद्ध भएका प्रतिरोधका घटनाक्रम समेटिएको दस्तावेज हो, *सङ्कटकालमा समाचार* । खोज पत्रकारिता केन्द्रका लागि हिमाल एसोसिएसनद्वारा प्रकाशित यो पुस्तकमा लेखकद्वय बद्री पौडयाल र रघु मैनालीले २०६१ माघ १९ गतेदेखि २०६२ वैशाख १६ सम्म लगाइएको सङ्कटकालमा पत्रपत्रिका र स्वतन्त्र रेडियोहरूको अवस्थालाई लेखाजोखा गर्नुभएको छ ।

कूल १५८ पृष्ठ ओगटेको पुस्तकमा छापा र रेडियो गरी दुई प्रमुख खण्ड छन् । पहिलो खण्ड छापाले ओगटेको छ । यो खण्ड चार अध्यायसम्म (पहिलोमा नियन्त्रण, दोस्रोमा प्रतिरोध, तेस्रोमा खुकुलोपन र चौथोमा अवज्ञाका घटनाक्रम) छ । यो खण्डले एक सय पृष्ठ लिएको छ । दोस्रो खण्ड रेडियोबारे छ । यो खण्ड अन्ठाउन्न पृष्ठमा मात्र समेटिएको छ । पहिलो खण्डको विश्लेषणका लागि दैनिक, साप्ताहिक र पाक्षिकहरू गरी १८ ओटा पत्रपत्रिकालाई छनोट गरिएको छ । यो छनोटको आधार प्रेस काउन्सिल नेपालको २०६१ को वर्गीकरणमा 'क' श्रेणीमा परेका पत्रपत्रिकाहरूलाई मानिएको छ ।[१] २०६१ माघ १९ देखि २०६२ वैशाख अन्तिमसम्म प्रकाशित पत्रपत्रिकाको समाचारमूलक सामग्रीलाई खण्ड 'क' मा समेटिएको छ । यस खण्डका लागि पत्रपत्रिकाको सङ्कलन, सामग्री छनोट र अध्ययन गर्ने काम ऋषिकेश दाहाल र रञ्जु केसीले गरेका हुन् । सामग्रीको सङ्कलन र छनोट हेर्दा ठूला ब्रोडशिट नेपाली दैनिक, राजनीतिक दृष्टिकोणका हिसाबले विभिन्न पार्टीहरूतर्फ झुकाव राख्दै आएका केही साप्ताहिक, मूलधारमा विश्लेषणात्मक गनिने केही साप्ताहिक म्यागेजिन र पाक्षिक साथै शाही कदमप्रति समर्थन जनाउँदै प्रेसमाथिको

१ लेखकद्वयमध्येका एक बद्री पौडयालले पुस्तकको भूमिकामा उल्लेख गरेअनुसार अध्ययनलाई सहज बनाउन पत्रपत्रिकाको सङ्ख्या सीमित गरिएको हो । अध्ययनमा परेका ब्रोडशिट दैनिकहरू *गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी, हिमालय टाइम्स* र *अन्नपूर्ण पोष्ट* छन् । यस्तै साप्ताहिक पत्रिकाहरूमा *जनआस्था, दृष्टि, देशान्तर, नेपालीपत्र, विमर्श, बुधबार, साँघु, पुनर्जागरण* र *जनभावना*लाई लिइएको छ भने न्यूज-म्यागेजिनमा *हिमाल खबरपत्रिका* (पाक्षिक) तथा *नेपाल* र *समय* (साप्ताहिक) छन् ।

हस्तक्षेपलाई जायज ठहऱ्याउने केही साप्ताहिक गरी चार थरी पत्रिका समावेश गरिएका छन् । यसले अध्ययनलाई सन्तुलित बनाएको छ ।

रघु मैनालीले तयार पार्नुभएको दोस्रो खण्डमा स्वतन्त्र रेडियो प्रसारणको इतिहास र विस्तारको प्रसङ्गसहित माघ १९ पछि काठमाडौं उपत्यका र बाहिरका जिल्लाका रेडियो स्टेसनका समाचार कक्षमा जङ्गी शासनको हस्तक्षेपलाई सजीव वर्णन गरिएको छ । सरकारको प्रत्यक्ष सैनिक हस्तक्षेप, माओवादीको धम्की र आक्रमण अर्थात् दुई बन्दुकका चेपमा रेडियोले खेलेको भूमिकालाई समेटिएको छ । स्वतन्त्र रेडियो बचाउ आन्दोलन, केन्द्रीय सङ्घर्ष समितिका संयोजकसमेत रहनुभएका लेखक मैनालीले दोस्रो खण्डको अन्त्यमा खोसिएका अधिकार विरुद्धको लडाइँमा सर्वोच्च अदालतको अन्तरिम आदेश ('एफएमहरूमाथि समाचार बजाएको भनी कुनै बाधा-व्यवधान खडा नगर्नू') पछि एफएम रेडियोहरूले समाचार प्रसारण सुरु गरी खेलेको सार्थक भूमिकाको सविस्तार वर्णन गर्नुभएको छ । यो खण्डमा २०६१ माघ १९ देखि २०६२ मङ्सिर १५ सम्मको अवधिलाई समेटिएको छ ।

## छापा: कालरात्रीपछिका बिहानीहरू

अघिल्लो दिनसम्म आक्रामक समाचार लेख्ने पत्रपत्रिकाहरू शाही घोषणाको भोलिपल्टदेखि नै शिथिल बने । यसले गर्दा समाचार प्रस्तुतितर्फ अचानक परिवर्तन आयो । दैनिक पत्रिकामा राजनीतिक समाचार सिला खोजेझैँ खोज्नुपर्ने भयो । विषयवस्तु, भाषा, शब्दप्रयोग र प्रस्तुति फेरिए । अघिल्लो दिनसम्म माओवादी लेख्ने पत्रपत्रिका शाही घोषणापछि आतङ्ककारी भनेर नै लेख्न थाले, जुन तत्कालीन राज्यले अख्तियार गरेको नीति थियो । तर दैनिक पत्रिकाले पूरा गर्न नसकेको राजनीतिक समाचारको शून्यता साप्ताहिकले केही हदसम्म मेटे । आफ्नै स्रोतबाट भए पनि न्यूज-म्यागेजिनले राजनीतिक समाचार पस्किए ।

अरू बेला यति ठूलो राजनीतिक घटना हुँदा *कान्तिपुर*ले त्यस विषयमा पहिलो पृष्ठमै विशेष सम्पादकीय लेख्थ्यो, तर माघ २० मा 'चारुमतिको योगदान' भन्ने गैरराजनीतिक सम्पादकीय छाप्यो । यही दिन निस्केका *नेपाल समाचारपत्र*ले 'राजाको कदम र जनताको अपेक्षा', *हिमालय टाइम्स*ले 'श्री ५ को घोषणा र जनअपेक्षा' र *गोरखापत्र*ले 'राष्ट्रहितमा ऐतिहासिक कदम' शीर्षकमा घटनालाई ठूलै महत्त्व दिएर विशेष सम्पादकीय नै लेखे । यी तीनै पत्रिकाका विशेष सम्पादकीयमा शाही घोषणाको स्वतन्त्र र निष्पक्ष विश्लेषण होइन, 'स्वागत' र 'समर्थन' थियो । त्यस बेला राजाको कदमसँग असहमत विचार छाप्न दिइएन तर समर्थनमा लेख्न कुनै रोकटोक थिएन । त्यसदिन *राजधानी* दैनिकले मात्रै

आफूलाई अरूभन्दा केही भिन्न देखाएको थियो- 'श्री ५ को जोखिमपूर्ण कदम' शीर्षकको विशेष सम्पादकीयमा "के यो घोषणा पूरा गर्न सकिएला ?" भन्ने प्रश्न गरेर । तर सुरुमा देखाएको निडरतालाई यसले निरन्तरता दिन सकेन र केही समयपछि नै उल्टो गैरराजनीतिक विषय र शाही कदमको समर्थनमा सम्पादकीय एवं लेख रचनाहरू छाप्यो (पृ. ४) । शाही घोषणाको भोलिपल्टै नेपाल पत्रकार महासङ्घले 'कू' को संज्ञा दिई निकालेको विज्ञप्ति पनि पत्रपत्रिकाले छाप्न सकेनन् । तत्कालीन सभापति तारानाथ दाहालले जारी गर्नुभएको उक्त विज्ञप्तिमा भनिएको थियो, "अब स्वतन्त्र प्रेस ज्यूँदो छैन, यसको हत्या गरियो ।" आफ्नै समाचार छाप्न नसकेका दैनिक पत्रिकाले सरकारी स्रोतका समाचार मात्र छापे । दैनिकहरू शिथिल भएको बताउँदै लेखकद्वयले त्यसको तुलनामा साप्ताहिक पत्रिकाले दह्रो सम्पादकीय अडान लिएको टिप्पणी गर्नुभएको छ ।

सङ्कटकालको त्रास र राज्यको चरम दमनको अवस्थामा समेत अधिकांश साप्ताहिक पत्रिकाले सरकार र शाही सत्ताप्रति आलोचनात्मक भएर लेख्ने आँट गरेका थिए (पृ. ६) । शाही कदमको भोलिपल्टै २० गते निस्केको *जनआस्था*ले निडरता देखाउँदै 'सञ्चार शून्यतामा बितेका क्षण' शीर्षक दिएर तत्कालीन राजनीतिक सन्दर्भमा नै सम्पादकीय लेख्यो, जबकि दैनिक पत्रिकाहरू त्यति लेख्न पनि डराए । यद्यपि केही साप्ताहिकले शाही कदमको वकालत गरे । माघ २२ का *साप्ताहिक विमर्श* र *नेपालीपत्र*ले राजाको कदमको स्वागतमा सम्पादकीय लेखे । 'राष्ट्रियताको प्रश्न र सञ्चारमाध्यमहरू' भन्ने लेखमार्फत *नेपालीपत्र*ले सेन्सरसीप र समाचारमा लगाइएको बन्देजलाई समेत जायज मानिएको विचार प्रवाह गर्‍यो (पृ. ७) । माघ २४ को *देशान्तर*ले सम्पादकीय र विचार स्तम्भ पातोको सिरानमा 'बन्दुक कहिल्यै जनमतभन्दा शक्तिशाली हुन सक्दैन' भन्ने अब्राहम लिङ्कनको भनाइ छापेर सबैभन्दा पहिले सोझै विरोध गर्‍यो । त्यस्तै शाही कदमको विरोध गर्दै *बुधवार* र *साँघु*ले पनि सम्पादकीय खाली राखे ।

दैनिक र साप्ताहिक पत्रपत्रिकाभन्दा कूटनीतिक तवरले आफ्ना पाठकहरूलाई सेन्सरसीपको सोझै प्रतिरोध गरेको जनाउ *हिमाल खबरपत्रिका*ले दियो । यसले प्रारम्भमै "विशेष सेन्सरका कारण यस अङ्कका कतिपय सामग्रीहरूको प्रस्तुतिमा उत्पन्न असन्तुलनबाट पाठकहरूमा हुने असुविधाका निम्ति हामी क्षमाप्रार्थी छौँ" भन्ने सूचना छाप्यो र सेन्सरका क्रममा काटिएका अनुच्छेद खाली नै छोडिदियो । *समय* साप्ताहिक पनि आलोचनात्मक नै रह्यो । 'राजाले कम्मर कसे' शीर्षकलाई आवरण कथा बनाएको *समय*ले राजा एक्लैको प्रयासले घोषणा गरिएका कुरा सफल हुन नसक्ने सम्पादकीय लेख्यो । माघ १९ का सुरुका हप्तामा *समय*को

माग असाध्यै बढेको थियो । तर *नेपाल*ले 'रिमिक्स सङ्गीतमा रोक' विषयमा सम्पादकीय लेखेर राजनीतिक उथलपुथलबारे टिप्पणी गर्न चाहेन ।

माघ १९ पछि गतिहिन जस्तै बनेको मिडियाले आफ्नो टाउको उठाउन करिब डेढ महिना लाग्यो । फागुनदेखि सञ्चारमाध्यमले आफूमाथि झुण्डिएको सेन्सरयुक्त तरवारको प्रतिरोध सुरु गरे । सरकारी र शाही सत्ताका समर्थकका रूपमा प्रस्ट चिनिएका तथा के गर्ने, कसो गर्ने भन्नेबारे दोधारमा रहेका दुई-चार ओटाबाहेक अरू पत्रपत्रिकाले सेन्सरलाई टेरपुच्छर लाउन छाडिसकेका थिए (पृ. १७) । समाचार कक्षमा सेन्सरको कैंची चलाउने हतियारधारी सैनिकहरू कतिपय पत्रपत्रिकामा माघको अन्त्यदेखि र कतै फागुन पहिलो सातादेखि अलप भएका थिए । प्रेसमाथि नियन्त्रणका आदेश र कतिपय पत्रपत्रिकामा सेन्सर यथावत भए पनि दैनिक साप्ताहिकहरूले अटेर गर्दै समसामयिक विषयमा सम्पादकीय विचार र आन्दोलनका सामग्री छाप्ने हिम्मत गरे । आलोचनात्मक सम्पादकीयसँगै विचारले ठाउँ पाउन थाले । खवरपत्रिकाले समस्याको निकासका विकल्प दिन सुरु गरे । तीन महिनापछि २०६२ वैशाख १६ मा सङ्कटकाल हटे पनि व्यवहारतः कायमै भएको बताई सरकारको खुलेरै पत्रपत्रिकाबाट विरोध हुन थाल्यो ।

## निरङ्कुश निशानामा रेडियो

नेपालमा सामुदायिक रेडियो प्रसारणको अभियानमा सक्रिय रघु मैनालीले लेख्नुभएको खण्ड 'ख' मा प्रसारण इजाजतका लागि झेल्नु परेको कठिन सङ्घर्षलाई 'माघ १९' अघिको वर्णनमा समेट्नुभएको छ । दक्षिण एसियाकै पहिलो गैरसरकारी रेडियो स्टेसन रेडियो सगरमाथाले २०५४ साल जेठ ५ इजाजत पाउँदाको सङ्घर्ष र त्यसपछि एफएम रेडियोको विस्तार र विकासका साथै अन्य विविध तथ्य, कानूनी आधारहरूका बारेमा गरिएको वर्णनले पाठकलाई ऐतिहासिक सन्दर्भबारे पनि जानकारी दिलाउँछ ।

२०६१ माघ १९ गतेसम्म तत्कालीन समयमा प्रसारणमा रहेका ४७ ओटा एफएम रडियोका समाचार प्रसारणमा हठात् बन्देज लगाइयो । त्यस बेला एउटै कुरा समान थियो- 'देश भरका एफएम रेडियो स्टेसनका समाचार कक्षमा जङ्गी शासन' सात दिनसम्म एफएम स्टेसनहरूमा सेनाले कब्जा जमाएका थिए । कार्यक्रम उत्पादक र कर्मचारीहरूलाई स्टेसन आउँदा-जाँदा कडा निगरानी गरिन्थ्यो, खानतलासी लिइन्थ्यो । स्टेसनको परिचय-पत्र भएका बाहेक सबैलाई प्रवेश निषेध थियो । सैनिकहरूले कार्यक्रम उत्पादक तथा स्टेसनका पदाधिकारीहरूलाई बारम्बार धम्काउने गर्थे (पृ. ११८-११९) ।

काठमाडौँ उपत्यका बाहिरको एफएम रेडियोको स्थिति झनै नाजुक हुन पुग्यो । जुम्लाको महत गाविसमा सञ्चालित रेडियो कर्णालीको स्टेसनमा १९ गते बिहान ११:३० बजेतिर सैनिक प्रवेश गरी सबै पत्रकार तथा कर्मचारीलाई बाहिर निकालेर स्टेसनमा तालाबन्दी गरे । रेडियोका पदाधिकारीहरूले ब्यारेकमा गएर पटकपटक प्रयत्न गर्दा आठ दिनपछि माघ २८ गते गीत मात्र बजाउने सर्तमा सेनाले स्टेसनको ताला खोलिदिएको थियो (पृ. १२६) । जनतालाई सुसूचित गराउने सहज र सरल सञ्चारमाध्यम– एफएम रेडियोमाथि कतिसम्म निकृष्ट कार्य भएको थियो भन्ने कुरालाई यसले देखाउँछ ।

समाचार प्रसारण गर्न पाउने विश्वव्यापी मान्यतालाई तिलाञ्जली दिएर गरिएको सैन्य हस्तक्षेपले सूचनाका लागि जनतालाई परनिर्भर गरायो । बीबीसीलगायत अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट भए पनि सूचना पाउन सर्टवेभ व्याण्डका पुराना रेडियोको कसैले धूलो पुछे त कसैले सर्टवेभ रेडियो किनेर सुसूचित भए । सरकारले एकातिर गीतबाहेक कुनै पनि सामग्री बजाउन रोक लगायो भने अर्कातिर जनताका गतिविधि प्रसारण नगर्ने रेडियो स्टेसनका सामग्री माओवादीले लुट्ने धम्की दिन थाले । दुई बन्दुकका बीचमा रेडियो नाम दिइएको यस आलेखमा माओवादीहरूले उपकरण लुटेपछि कैलालीमा रहेको घोडाघोडी एमएम बन्द भएको उल्लेख छ ।

विश्वव्यापी मान्यता विपरीत एफएम स्टेसनहरूलाई समाचार प्रसारणमा रोक लगाइएपछि कतिपय पत्रकारहरू पेसाबाटै पलायन हुन बाध्य हुनुपर्‍यो । रेडियो नेपालसँगको सम्झौताबाट बीबीसी विश्व सेवाले प्रसारणका लागि प्रयोग गरेको १०३ मेगाहर्जमा पनि सरकारले अवरोध पुर्‍यायो । बीबीसी विश्व सेवाका अन्य कार्यक्रम प्रसारित भए पनि बीबीसी नेपाली सेवा तथा एसिया टुडे प्रसारण हुने समयमा सरकारले धुन बजाएर अवरोध सिर्जना गर्‍यो (पृ. ११९) ।

रेडियो माथिको यो हस्तक्षेपसँगै सङ्कटकालमा सामुदायिक रेडियो प्रसारक सङ्घ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, काठमाडौँ उपत्यका एफएम प्रसारक मञ्च र स्वतन्त्र रेडियो पत्रकार सङ्घर्ष समितिले गरेका आन्दोलनलाई समेटिएको छ । दाङस्थित स्वर्गद्वारी एफएमले सङ्कटकाल हटेकै साँझ समाचार बुलेटिन प्रसारण गर्दा दुई दिनभित्रै प्रसारण बन्द गर्न बाध्य भयो । यस घटनाले सङ्कटकाल हटे पनि सङ्कट कायमै रहेकोतर्फ सङ्केत गर्दछ ।

निरङ्कुश हस्तक्षेपविरुद्ध शङ्खघोष, सद्बुद्धिका लागि प्रार्थना, संविधान पाठ, सरकारलाई संविधान र नबज्ने रेडियो पठाउने, सडक समाचारवाचन, घण्ट बजाउने, बाँदरलाई नरिवल दिने लगायतका व्यङ्ग्यात्मक र शान्तिपूर्ण तवरले

सिर्जनात्मक विरोध गरेर माघदेखि स्वतन्त्र रेडियो बचाउ आन्दोलन सुरु गरियो । आन्दोलन र वार्तालाई एकैसाथ अघि बढाउँदै गर्दा नेपाल एफएमलाई २०६२ साउन १९ समाचार प्रसारण गरेको भनी स्पष्टीकरणको पूर्जी काटयो । स्पष्टीकरण दिनपूर्व नै सर्वोच्च अदालतमा परेको रिटमा साउन २६ गते अदालतले सरकारका विरुद्ध अन्तरिम आदेश जारी गरेपछि ३२ ओटा स्वतन्त्र रेडियोहरूले समाचार प्रसारण गरे । हतास मानसिकता लिएको सरकारले दशैँ विदाको अघिल्लो दिन २०६२ असोज २३ नियतवश सञ्चार अध्यादेश जारी गरे पनि त्यसको १६ ओटा एफएमले अवज्ञा गरे । सडक, प्रसारण र अदालत गरी तीन मोर्चाबाट स्वतन्त्र रेडियो बचाउ आन्दोलनको नेतृत्व गर्नुभएका लेखक मैनालीले २०६२ मङ्सिर १५ सर्वोच्च अदालतको अर्को आदेश जारी भएपछि सञ्चालनमा भएका प्रायः सबै ४२ ओटा एफएम रेडियोले समाचार प्रसारण सुरु गरेको जनाएर बीट मार्नुभएको छ ।

## अन्तमा

पुस्तक विभिन्न हिसाबले राम्रो हुँदाहुँदै पनि कतिपय कुराहरूमा हेर्दा यो कतै बढी विवरणात्मक त कतै विवरणरहित भयो कि भन्ने आधारहरू देखा पर्छन् । पहिलो खण्डको अध्ययन राजधानी केन्द्रित छ । त्यसै पनि विविध समस्या भोगिरहेको मोफसलका पत्रपत्रिकाहरूले सङ्कटकालमा भोगेको समस्या झन कहाली लाग्दो थियो । दाङबाट प्रकाशित हुने *नयाँ युगबोध* दैनिकलाई स्थानीय प्रशासनले ठाडो आदेश जारी गरी पत्रिका प्रकाशनमा रोक लगाएको थियो । बाँकेमा शाही सरकारको निर्देशनबाहेक त्यहाँको प्रशासनले ११ बुँदे निर्देशिका जारी गरेर प्रेस स्वतन्त्रतामाथि प्रहार गरेका लगायत मोफसलका अन्य प्रतिनिधिमूलक घटनाहरू पनि पुस्तकमा समावेश गरिएको भए देशको समग्र प्रेस स्वतन्त्रताको अवस्था समावेश गरिएको भए यो पुस्तकको औचित्य अझ झल्कन्थ्यो ।

२०६१ माघ १९ देखि २०६२ वैशाख १६ सम्म लगाइएको सङ्कटकालमा १८ ओटा पत्रपत्रिकाका समाचारमूलक सामग्रीका अध्ययन गरिए पनि भूमिकामा २०६३ सालको प्रेस काउन्सिल नेपालको वर्गीकरणमा 'क' श्रेणीमा परेकामध्ये १९ ओटा पत्रपत्रिकालाई छनोट गरिएको भन्ने भनाइले सम्पादकीय असावधानीलाई सङ्केत गर्छ । यो खण्डमा दोहोरिने 'प्रुफ मिस्टेक' ले थोरै बिझाउँछ । यद्यपि विषयवस्तुको उठानका अगाडि यो त्यति ठूलो समस्या होइन ।

रेडियोको चर्चा गरिएको दोस्रो खण्डमा त्यहाँ रेडियोले सङ्कटकालमा भोगेको व्यथाभन्दा रेडियोको स्थापनादेखिको ऐतिहासिक यात्रा र आन्दोलनका गतिविधिलाई

अलि बढी समेटिएको छ । यस्तै माघ १९ ताका तत्कालीन अवस्थामा चालू ४७ एफएम रेडियोमध्ये ४२ ओटाले १० महिनापछि समाचार प्रसारण सुरु गरेको जनाइए पनि अन्यको अवस्था र सरकारी रेडियोबारे उल्लेख नहुँदा पाठकलाई सूचना अधुरो भएको महसुस हुन्छ । निरङ्कुश शाही सरकारको मारमा परेका स्वतन्त्र टेलिभिजन, अनलाइन सेवालगायत विद्युतीय सञ्चारमाध्यमहरूको अवस्थाका बारेमा पुस्तकले नसमेटेका कारण पाठकहरूले समग्र प्रेस स्वतन्त्रताको अवस्थाबारे थप जानकारी खोजी गर्नुपर्ने अवस्था छ ।

सरकारी सेन्सरसीप, प्रकाशक/सम्पादकले गरेको आत्मसेन्सरसीप साथै राजनीतिक, कानूनी, आर्थिक प्रलोभन तथा एकद्वार विज्ञापन नीति जारी गरी शाही कदमको समर्थन गर्ने सञ्चारमाध्यमलाई सरकारी विज्ञापन उपलब्ध गराउने र स्वतन्त्र नेपाली प्रेसको हत्या प्रयास गरिएको सन्दर्भलाई अझ उल्लेख गरिएको भए सामान्य पाठकले सरकारी कुटीलताका विभिन्न चाल पाउन सक्थे ।

यस पुस्तकद्वारा शाही कदमपछिको सङ्कटकालमा आफूले खेलेको भूमिकालाई सञ्चारमाध्यमहरूले नियालेर आत्मसमीक्षा गर्न सक्छन् । समग्रमा, पुस्तक पठनीय र सङ्ग्रहणीय छ । पत्रकारिताका विद्यार्थी, क्रियाशील पत्रकार, अध्येता, अनुसन्धातालाई समेत निकै उपयोगी देखिन्छ । सङ्कटकालमा स्वतन्त्र प्रेसको अवस्था दर्शाउने यस पुस्तकले कठीन घडीमा नेपाली मिडियाले खेलेको भूमिका र प्रवृत्तिलाई उजागर गरेको छ ।

पुस्तकको आवरणमा रविन सायमीले बनाएको कार्टुनमा सङ्कटकालको बेला सरकारले एक हातमा बन्दुक र अर्को हातमा नगद देखाएर प्रेसमाथि अपनाएको हतकण्डाले प्रेसको भयग्रस्त अनुहारलाई सटिक रूपमा देखाइएको छ । त्यस्तै भित्री पृष्ठमा एफएममा समाचार वाचन गरिरहेको सञ्चारकर्मीको मुखमा ताल्चा लगाई साँचो लिएर हिँडेको सरकारको कदमलाई वासु क्षितिजले कार्टुनमार्फत व्यक्त गर्नुभएको छ । शब्दमा व्यक्त गर्न कठिन हुने सङ्कटकालको बेला प्रेसको अवस्थालाई यी दुई कार्टूनले छर्लङ्ग पारेका छन् । अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक खोस्नेहरू विरुद्धको लडाइँमा निरङ्कुशता लाद्न खोज्नेहरूलाई अन्ततः पराजित तुल्याएर नेपाली प्रेसले आफ्नो जगलाई अझ दरिलो बनाएको छ जसलाई भविष्यमा कुनै पनि अधिनायकवादले भत्काउने दुस्साहस पनि गर्ने छैन ।

**दिनेश गौतम**
कामना प्रकाशन समूह